## गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

गोदावरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय अत्तरिया, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

### आन्तरिक आयको ठेक्का सूचना

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद -३ को उपदफा (२) को खण्ड घ को उपखण्ड (६) मा भएको व्यवस्था, ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन तथा बिक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संसोधन मापदण्ड २०७९), स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE), स्वीकृत वातावरणीय प्रभाव मूल्यांकन (EIA), सुदूरपश्चिम प्रदेशको आर्थिक ऐन २०८२, सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधिमा भएको व्यवस्था अनुसार आन्तरिक कर संकलनका लागि देहाय बमोजिम तोकिएको स्थानबाट नदीजन्य पदार्थ(ढुङ्गा, गिट्टी, बालुवा, आदी ) उत्खनन, संकलन, निकासा गर्नका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले योग्य फर्महरुले यस बोलपत्र सम्बन्धी सम्पूर्ण कागजातहरु खरिद गरि रित पूर्वक भरी यस कार्यालयमा सिलबन्दी बोलपत्र (HARD COPY) यो सूचना प्रकाशित भएको मितिले २१(एक्काइस ) दिन भित्र पेश गर्न हुन बोलपत्र आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरीएको छ। बोलपत्र सम्बन्धी कागजात यस पालिकाको वेबसाइटबाट download गर्न सकिनेछ।

**देहाय**

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | न्युनतम कबोल अंक रु. (भ्याट बाहेक) | धरौटी रकम रु. | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| GM/NCB/IR/2083/84/02 | खैराना खोलाबाट प्राकृतिक श्रोत नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, भरान तथा ग्राभेल आदि) को बिक्री शुल्क संकलन | ९६,५९,७७१.१५/- | कबोल अंक (मु.अ. कर सहित) को ५ (पाँच) प्रतिशत हुन आउने रकम | ३,०००।०० |

### १. ठेक्काका शर्तहरु

क) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत एन.आई.सी.एशिया बैंक, अत्तरिया शाखा कार्यालयमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ०७१२०५१४९८६२२०११ मा नगद जम्मा गरेको सक्कल भौचर वा राजश्व शाखामा दस्तुर बुझाएको नगदी रसिद साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ औं दिनको १२ बजेभित्र पेश गरी सक्नुपर्नेछ। बोलपत्र सम्बन्धी कागजात यस कार्यालयको राजश्व शाखा वा वेभसाइट godawarimunkailali.gov.np बाट download गर्न सकिनेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा हुन गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

ख) बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। कबोल अंक (मु.अ. कर सहित) को ५% धरौटी रकम यस कार्यालयको एन.आई.सी.एशिया बैंक, अत्तरिया शाखा कार्यालयमा रहेको धरौटी खाता नं. ७१४१४९८६२२५२४००१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजतप्राप्त 'क' वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र खोल्ने दिनदेखि कम्तिमा १२० (एक सय बीस) दिनको म्याद सहित जारी गरिएको बोलपत्र जमानत (बिड बण्ड) पेश गर्नुपर्नेछ।

ग) खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोपराईटरको नाम, ठेगाना, फोन नं., मोबाईल नं., इमेल ठेगाना समेत स्पष्ट खुलाई फर्मको छाप लगाई तोकिएको म्याद भित्र दर्ता गर्नुपर्नेछ।

घ) एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट पेश गर्न पाईने छैन। रीतपूर्वक पर्न आएका सिलबन्दी बोलपत्रहरू पेश गर्ने अन्तिम दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा सोही समयमा गरिनेछ।

ङ) म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

च) बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत २० (बिस) प्रतिशत र ठेक्का कवोलको १३% मू.अ.कर समेतको हुनआउने रकम अनिवार्य बुझाउनुपर्नेछ

। दोस्रो तथा तेश्रो किस्ताबापत ८० (असी) प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८४ साल आषाढ मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ (तेह्र) प्रतिशत रकम समेत सोही बमोजिम यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्र दाताले छुट्टै बुझाउनुपर्नेछ।

छ) गोदावरी नगरपालिकाको आर्थिक ऐन २०८३ को दफा १८ मा उल्लेख भए बमोजिम कबोल गरेको रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा ५% सम्म रकम छुट दिन सकिनेछ तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनका लागि भने छुट दिईने छैन।

ज) ठेक्का अवधी सम्झौता भएका मितिदेखि २०८४ सालको ज्येष्ठ मसान्तसम्म हुनेछ।

झ) ठेकेदारले नेपाल सरकार तथा गोदावरी नगरपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नु पर्नेछ। साथै कार्यालय तथा ठेकेदारबीच कुनै विवाद उत्पन्न भएमा यस नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ।

ञ) ठेक्का रकमको भुक्तानी तालिका देहायअनुसार हुनेछ :

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम |
|---|---|---|
| पहिलो | सम्झौता हुँदाका बखत | कबोल अंकको २०% ले हुन आउने रकम तथा कबोल अंक को सम्पूर्ण मू.अ.कर समेत |
| दोश्रो | २०८३ साल फाल्गुन मसान्तभित्र | कबोल अंकको ४०% ले हुनआउने रकम |
| तेश्रो | २०८४ साल जेष्ठ मसान्तभित्र | कबोल अंकको ४०% ले हुनआउने रकम |

गोदावरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय अत्तरिया, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

ट) तोकिएको समयमा कार्यालयलाई ठेक्का रकम नबुझाएमा वार्षिक १० (दश) प्रतिशतका दरले हर्जाना सहित असूल उपर गरिनेछ।

ठ) नेपाल सरकारले बिक्रि शुल्क छुटका लागि गरेका निर्णय बाहेक, यस गोदावरी नगरपालिका क्षेत्रभित्र भएर बग्ने नदी खोलाबाट नदीजन्यपदार्थ उत्खनन/संकलन गरे बापत नगरपालिकाको नदीजन्यपदार्थ बिक्री शुल्क सबैले तिर्नुपर्नेछ। नगरपालिका आफैले सञ्चालन गर्ने आयोजनाका लागि आफ्ना स्वामित्वका सवारी साधनहरु प्रयोग गरी आवश्यक पर्ने नदीजन्य पदार्थ उत्खनन, संकलन, ढुवानी गरेको हकमा नियमानुसार राजश्व शुल्क लाग्नेछ। कसैले नगरपालिकाको नदीजन्य पदार्थ बिक्री शुल्क तिर्न अटेर गरेमा कानून अनुसार कारबाही गरिनेछ।

ड) नगरपालिकाबाट गरिएको IEE/EIA प्रतिवेदनमा उत्खनन स्थल (Extraction site) भनी नतोकिएको स्थानबाट कसैले पनि नदीजन्य पदार्थ उत्खनन/संकलन गर्न पाईने छैन। यसरी IEE/EIA प्रतिवेदनमा नतोकिएको स्थानबाट उत्खनन/संकलन गरेको पाईएमा नगरपालिकाद्धारा तोकिएको जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानी साधन जफत समेतं गर्न सकिनेछ।

ढ) यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिनेछन्।

ण) IEE/EIA प्रतिवेदनका प्रावधानहरुको व्याख्या गर्ने अधिकार गोदावरी नगरपालिकामा सुरक्षित रहनेछ।

त) यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

थ) बोलपत्रको मान्य अवधि ९० दिनको हुनेछ।

## २. बोलपत्रदाताको योग्यता

**गोदावरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आन्तरिक श्रोत उठाउने ठेक्काका लागि देहाय बमोजिमका योग्यता हुनुपर्नेछ।**

क) बोलपत्रदाता नेपालको प्रचलित कानुन वमोजिम दर्ता भएको फर्म/इजाजत पत्र हुनुपर्नेछ।

ख) गोदावरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको कुनै किसिमको चल अचल बक्यौता नभएको हुनुपर्नेछ।

ग) कालोसूचिमा नपरेको हुनुपर्नेछ।

घ) प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भएको, मू.अ.करमा दर्ता भएको, कर चुक्ता गरेको हुनुपर्नेछ।

## ३. बोलपत्र पेश गर्ने तरिका

**गोदावरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आन्तरिक श्रोत उठाउने ठेक्काका लागि देहाय वमोजिम बोलपत्र पेश गर्नुपर्नेछ।**

क) यस ठेक्का सम्बन्धि सूचनामा तोकिए बमोजिमको बोलपत्र दस्तुर बुझाई बोलपत्र खरिद गर्न सकिनेछ। बोलपत्र पुस्तिका राम्रो सँग अध्ययन गरि सम्बन्धित ठेक्काको विषयमा आवश्यक स्थलगत अध्ययन गर्ने कार्य बोलपत्रदाता स्वयमले गर्नुपर्नेछ।

ख) यस ठेक्का सम्बन्धी सूचनामा उल्लेखित भए बमोजिमको धरौटी रकम नगद वा सो बराबरको बैंक जमानतको सक्कल प्रति र माग गरेका कागजातको प्रमाणित प्रतिलिपि बोलपत्र साथ संलग्न राखि बोलपत्र पुस्तिका भरी अधिकार प्राप्त व्यक्तिको दस्तखत सहि छाप गरि सम्बन्धित ठेक्काको नाम र ठेक्का नम्बर सहित उल्लेख गरि सिलबन्दी बोलपत्र निर्धारित म्याद भित्र गोदावरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्बोधन गरि पेश गर्नुपर्नेछ।

ग) यसका साथै बोलपत्र खरिद तथा दर्ता सम्बन्धी कार्य **Hard Copy** बाट मात्र गर्न सकिनेछ।

## ४. बोलपत्र खोल्ने प्रकृया

**नियमानुसार रीतपूर्वक पेश भएका बोलपत्रहरु देहाय बमोजिम प्रकृयामा खोलिनेछ।**

क) बोलपत्र खोल्ने मिति, समय र स्थान यस ठेक्का सम्बन्धी सूचनामा उल्लेख भए बमोजिम हुनेछ।

ख) दर्ता भएका बोलपत्रहरु सूचनामा उल्लेख भए बमोजिम बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा यस गोदावरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

## ५. बोलपत्रको मूल्याङ्कन

**बोलपत्र खोली सकेपछी रीतपूर्वक प्राप्त भएका बोलपत्रहरुको मूल्याङ्कन देहाय बमोजिम हुनेछ।**

क) योग्यता तथा पूर्णता परिक्षणमा सफल भएका सारभुत रुपमा प्रभावग्राही तथा न्यूनतम ठेक्का अंक भन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको तुलनात्मक तालिका बनाई बोलपत्र साथ पेश भएका कागजातहरुको अध्ययन गरिनेछ।

ख) योग्यता तथा पूर्णता परिक्षणमा सफल भएका सारभूत रुपमा प्रभावग्राही तथा न्यूनतम ठेक्का अंक भन्दा सबै भन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृति गर्ने प्रकृया अगाडी बढाइनेछ।

## ६. बोलपत्रको स्वीकृति

**बोलपत्रको स्वीकृति देहाय बमोजिम गरिनेछ।**

क) पेश भएका बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने अधिकार गोदावरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रहनेछ।

ख) बोलपत्र मूल्याङ्कन समितिबाट योग्यता तथा पूर्णता परिक्षणमा सफल भएका सारभूत रुपमा प्रभावग्राही तथा न्यूनतम ठेक्का अंकभन्दा सबै भन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ।

ग) ठेक्का स्वीकृत भएको ७(सात) दिन भित्र सूचनामा उल्लेखित नियमानुसारको धरौटी रकम नगद वा जमानत लिई सम्झौता गर्न सम्बन्धित बोलपत्रदाता लाई गोदावरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट सूचित गरिनेछ।

गोदावरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय अतरिया, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

## ७. बोलपत्र जमानत वा धरौटी जफत

गोदावरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट ठेक्का स्वीकृत भएको सूचना प्राप्त भएपछि बोलपत्रदाताले बोलपत्र सूचनामा उल्लेख भए बमोजिमको आवश्यक बैंक जमानत वा धरौटी तथा नगद रकम जम्मा गरेको प्रमाण साथमा लिई तोकिएको म्याद भित्र ठेक्का सम्झौता गर्न बोलपत्रदाताको कार्यलयमा उपस्थित हुनु पर्नेछ। तोकिएको समय भित्र सम्झौता गर्न बोलपत्रदाता उपस्थित नभएमा निजको बोलपत्र जमानत जफत गर्नुका साथै कालो सूचीमा राख्न सीफारिस गरि त्यसपछिको दोस्रो बढी कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने प्रकृया कार्यालयले अगाडी बढाउनेछ।

## ८. सम्झौता र कार्यादेश

**सम्झौता र कार्यादेश देहाय बमोजिम हुनेछ।**

क) सम्झौता भएपश्चात ठेक्का सञ्चालन गर्न पाउने दर रेटको विवरण उल्लेख गरि ठेक्का सञ्चालनका लागि ठेकेदारलाई कार्यालयले कार्यादेश दिनेछ।

ख) ठेकेदारले ठेक्का सम्झौतामा उल्लेखित शर्तहरुको अधिनमा रहि ठेक्का सञ्चालन गर्नु गराउनु पर्नेछ।

ग) कार्यालय र ठेकेदारबीच भएको सम्झौता बमोजिम ठेक्का सञ्चालन नभए/नगरेमा कार्यालयले ठेक्का सम्झौता अन्त्य गर्न सक्नेछ।

## ९. ठेकेदारले पालना गर्नु पर्ने नियमहरु र आचरण

क) ठेकेदारले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएका वस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा बिक्री शुल्क संकलन गर्नु पर्नेछ। सो भन्दा फरक हुने गरी शुल्क संकलन गरेमा नियमानुसार कारबाही हुनेछ।

ख) यस नगरकार्यपालिकाको कार्यालयले तोकेको शुल्क संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्ना तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ। कार्यालयबाट अनुगमन गर्दा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारबाही गरिनेछ।

ग) राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट/तगारो राखी नदीजन्यपदार्थको बिक्री शुल्क संकलन गर्न पाईने छैन।

घ) ठेकेदारले नगरपालिकाले तोकेको राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्नेछ र राजश्व संकलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनु पर्नेछ।

ङ) गोदावरी नगरपालिका कार्यालयसंग ठेक्का सम्झौता गरेका ठेकेदारले IEE/EIA भएको स्थानबाट ढुङ्गा, गिट्टी, बालुवा, ग्रावेल, आदी संकलन/उत्खनन गर्नुपर्नेछ र सो बाहेकको अन्य क्षेत्रमा उत्खनन गरेको पाइए सुरक्षा निकायको सहयोग लिई आवश्यक कारबाही गरिनेछ।

च) ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी झिक्नु पर्ने उत्खनन तथा घाटगद्दी स्थल सम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन तथा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नुपर्नेछ। ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी, कुनै व्यक्ति वा निकायको निजी जग्गा वा वन क्षेत्र भित्र राख्नु पर्ने भएमा सम्बन्धीत व्यक्ति/संस्था/कम्पनीको स्विकृति लिने कार्य स्वंय ठेकेदारले नै गर्नुपर्नेछ।

छ) नदीको किनारबाट भु-क्षय हुने गरी, डिल, भिर, भित्तो खन्न, खोरस गरी ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी निकाल्न रोक लगाउनु पर्नेछ। त्यसरी निकालेको पाईएमा उक्त कार्य गर्ने ढुवानीका साधनहरुलाई आवश्यक कारवाहीका लागि पठाउन ठेकेदार पक्षले पहल गर्नुपर्नेछ।

ज) प्राकृतिक स्रोतको उत्खनन, संकलन तथा ढुवानी गर्दा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन/वातावरणीय प्रभाव मूल्यांकनले तोके बमोजिमको परिमाण र स्थानबाट मात्र गर्नु पर्नेछ। राजमार्गको ५०० मिटर भित्रको नदी र सडक , पुल तथा झोलुंगे पुलको ५०० मिटर माथि र १००० मिटर तलको नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्न पाईने छैन।

झ) नदी, खोलाको घाट/आकृति/धार/स्वरुप विग्रने गरी नदी किनारामा प्राकृतिक तवरले रहेको ढुङ्गा तोड्न वा फोड्न पाईने छैन। साथै ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी, भरान झिक्न मेसिनको प्रयोग गर्नुपर्ने भएमा स्वीकृत IEE/EIA ले तोकेको मापदण्ड अनुसार नगरपालिकाको अनुमती लिनुपर्नेछ। नगरपालिकाको अनुमती नलिई ठुला मशिन प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्न पाईने छैन।

ञ) भिजेको नदीजन्य पदार्थ ढुवानीमा पूर्ण रोक लगाउनु पर्नेछ। साथै ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी, आदी छोपेर मात्र ढुवानी गर्ने प्रबन्ध मिलाउनु पर्नेछ।

ट) ठेकेदारले नदी/घाट क्षेत्रमा फोहोरमैलाको उचित व्यवस्थापन गर्नुपर्नेछ। साथै ठेकेदारले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्य गर्न लगाउनुपर्नेछ।

ठ) ठेकेदारले कामदारहरुका लागि प्राथमिक उपचारका साथै माक्स, हेलमेट, ग्लोभस आदीको व्यवस्था मिलाउन ढुवानीका साधनहरुलाई जानकारी गराउनुपर्नेछ।

ड) ठेकेदारले प्रत्येक महिनामा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएका अर्धकट्टी नगदी रसिद पनि फिर्ता गर्नुपर्नेछ।

ढ) ठेकेदारले नदीजन्य पदार्थ संकलन तथा उत्खन्न हुने घाटगद्दी स्थल सम्बन्धीका खर्चहरु स्वयं आफैले व्यहोर्नुपर्नेछ।

ण) बिहान सुर्योदयभन्दा अगाडी र साँझ सुर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले उत्खनन स्थलमा प्रवेश गर्न पाईने छैन। यसरी नियम विपरित गएका ढुवानी साधनहरुलाई कानून बमोजिम कारवाही गरिनेछ।

त) खोला र नदीको उत्खनन स्थलहरुमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी (साईनबोर्ड) ठेकेदार आफैले बनाई सबै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नु पर्नेछ।

थ) ठेकेदारले कार्यालय, व्यवसायी तथा सम्बन्धित सबै सरोकारवाला सँग शिष्ट तथा सम्मानित व्यवहार गर्नु पर्नेछ। कार्यालय र ठेकेदारबीच भएको सम्झौता बमोजिम ठेक्का सञ्चालन नभए/नगरेमा कार्यालयले ठेक्का सम्झौता अन्त्य गर्न सक्नेछ।

द) ठेक्का सम्बन्धित पत्राचार तथा अन्य कारबाही शिष्ट, सम्मानित एवम मार्यादित भाषामा गर्नुपर्नेछ।

ध) सार्वजनिक सम्पतिको संरक्षण गर्ने तथा शान्ति सद्भाव कायम गर्ने दायित्व बहन गर्नु ठेकेदारको कर्तव्य हुनेछ।

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

## १०. आकस्मिक अवरोध व्यवस्थापन

कुनै कारणवस विशेष अवस्था सिर्जना भई काबु बाहिरको परिस्थितिले आकस्मिक रुपमा ठेक्का सञ्चालनमा अवरोध भएमा ठेकेदारले सोहीदिन त्यसको सूचना कार्यालयमा दिनु पर्नेछ। कार्यालय र ठेकेदार दुवैलाई मार्का नपर्ने गरि दुवै पक्षको प्रयासबाट त्यस्तो अवरोधको व्यवस्थापन गर्नु पर्नेछ।

## ११. विवाद व्यवस्थापन

कार्यालय र ठेकेदारबीच विवाद उत्पन्न भएमा नगर कार्यपालिकाको बैठकको निर्णयबाट विवादको व्यवस्थापन गरिनेछ।

## १२. कार्य सम्पन्न

कार्यालयको सहयोगमा ठेक्का सम्झौता बमोजिम ठेक्का सञ्चालन गरि कार्य सम्पन्न गर्ने दायित्व ठेकेदारको हुनेछ। ठेक्का सम्झौता बमोजिम ठेक्का सञ्चालन गरि कार्य सम्पन्न भएमा कार्यालयबाट कार्य सम्पन्न प्रमाणपत्र नियमानुसार ठेकेदारलाई प्रदान गरीनेछ।

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

## १३. शूल्क दर

**यस ठेक्का बमोजिम शुल्क उठाउने कार्यको दर (भ्याट बाहेक) देहाय बमोजिम हुनेछ।**

| क्र.सं. | नदीजन्य सामग्रीको किसिम | करको दर (भ्याटबाहेक) | |
|---|---|---|---|
| | | प्रति घन फिट रु. | प्रति घन मिटर रु. |
| १ | ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदी | ६ (छ) | रु.२११।८९ (दुइ सय एघार रुपैयाँ उनानब्बे पैसा) |

१. **खैराना नदीको नदीजन्य पदार्थ उत्खनन/संकलन स्थलको जी.पी.एस. कोर्डिनेट**

| क्र.स. | साइट क्षेत्र | वार्षिक परिमाण (घ.मि.) | GPS Location | कैफियत |
|---|---|---|---|---|
| १ | साइट १/गोदावरी-४, खैराना | ४५,५८९ | 28°50'13.46"N 80°35'51.59"E | ०.९-१.३ मिटर गहिराई सम्म मात्र उत्खनन गर्न मिल्ने |
| जम्मा | | ४५,५८९ | | |

**नोट: श्रोत - प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (Initial Environmental Examination) अनुसार**

## बोलपत्र फाराम

मिति......................

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
गोदावरी नगर कार्यपालिकाको कार्यालय,
कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

गोदावरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय अत्तरिया, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

प्रमाणित

विषय: बोलपत्र फारम पेश गरेको सम्वन्धमा।

तहाँ कार्यालयबाट मिति २०८३।०५।२४ मा प्रकाशित सूचना र बोलपत्र फारामको शर्त अनुसार काम गर्ने गरि आ.व. २०८३/८४ को तोकिएको अवधिका लागि तहाँ नगरपालिकाले तोकेको परिमाण र तोकेको दरमा गोदावरी नगरपालिका **"गोदावरी नगरपालिका, गोदावरी खोलाबाट प्राकृतिक श्रोत नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा,भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन"** को प्राकृतिक श्रोत नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा,भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन ठेक्काको लागि तपसिल बमोजिमको रकम कबोल गरेको छु।

तपसिल

| ठेक्का नं. | ठेक्काको विवरण | उत्खनन गर्न मिल्ने परिमाण (घन मिटर) | न्युनतम कबोल अंक (भ्याट बाहेक) रु. | कबोल अंक भ्याट (भाहेक रु.) | |
|---|---|---|---|---|---|
| | | | | अंकमा रु. | अक्षरमा रु. |
| GM/NCB/IR/ 2083/84/02 | खैराना खोलाबाट प्राकृतिक श्रोत नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा ,भरान तथा | ४५,५८९ (सम्झौता मितिदेखि २०८४ जेष्ठ मसान्तसम्म) | ९६,५९,७७१.१५/- | | |

*ठेक्काका शर्तहरु अध्ययन गरि उल्लेखित शर्तपालना गर्ने मन्जुरीका साथ माथी उल्लेखित व्यहोरा बमोजिम रकम कबोल गरि बोलपत्र पेश गरेको छु।*

**बोलपत्रदाताको विवरण**

आधिकारिक व्यक्तिको नाम
फर्मको नाम:-
ठेगाना:-
सम्पर्क नं:-
इमेल ठेगाना:-
मिति:-
दस्तखत:-
फर्मको छाप:-